# अमरगढी नगरपालिकामा सेवा करारमा खेल प्रशिक्षक व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०५/०९**

प्रस्तावनाः अमरगढी नगरपालिकामा सेवा करारमा खेल प्रशिक्षकको सेवा लिने कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय भएकाले,

अमरगढी नगरपालिका शिक्षा ऐन, २०८० को दफा २८ को उपदफा (५) तथा सोही ऐनको दफा ६१ को अधीनमा रही कार्यपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ।

१. संक्षिप्त नाम र प्राम्भः (१) यस मापदण्डको नाम "अमरगढी नगरपालिकामा सेवा करारमा खेल प्रशिक्षक व्यवस्थापन सम्बन्धी मापदण्ड २०८१" रहेको छ।

(२) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "कार्यालय" भन्नाले अमरगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

ख) "अवकाश प्राप्त खेलाडी" भन्नाले खेल जीवनबाट सन्यास लिएका खेलाडी सम्झनु पर्छ।

ग) "ऐन भन्नाले" अमरगढी नगरपालिका शिक्षा ऐन, २०८० सम्झनु पर्छ।

घ) "नगरपालिका भन्नाले" अमरगढी नगरपालिका सम्झनु पर्छ।

ङ) "सेवा करार" भन्नाले प्रचलित कानून बमोजिम कार्यक्षेत्रगत शर्तका आधारमा निश्चित अवधि तोकी सम्झौताका आधारमा गरिने करार सेवा सम्झनु पर्छ।

च) "खेल प्रशिक्षक" भन्नाले यस मापदण्ड बमोजिम नियुक्त तथा परिचालन गरिने पाँचौ तहको खेल प्रशिक्षक सम्झनु पर्छ र सो शब्दले चौथो तहको सहायक खेल प्रशिक्षक समेतलाई बुझाउँछ ।

छ) "शाखा" भन्नाले अमरगढी नगरपालिकाको खेलकुद हेर्ने शाखा सम्झनु पर्दछ।

३. करार सेवामा खेल/प्रशिक्षक लिने अधिकारः (१) नगरपालिकामा स्वीकृत दरबन्दी वा वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भए अनुसार खेल प्रशिक्षक सेवा करारमा लिने अधिकार कार्यालय हुनेछ।

(२) उपदफा (१) बमोजिम खेल प्रशिक्षक सेवा करारमा लिने सम्बन्धी कार्यको प्रशासनिक तथा व्यवस्थापकीय जिम्मेवारी कार्यालयको हुनेछ।

(३) यस मापदण्ड बमोजिम करार सेवाका लागि छनौट भएका खेल प्रशिक्षकसँग अख्तियारिवालाले करार सम्झौता गरी काममा लगाउन सक्नेछ।

४. योग्यताः खेल प्रशिक्षकका लागि देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछः-

क) पाँचौ तहका लागि भए कम्तिमा कक्षा १२ र चौथो तहका लागि भए कम्तीमा कक्षा १० उत्तीर्ण गरेको,

ख) प्रादेशिक (क्षेत्रीय) वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडीका रुपमा सहभागी भएको,

ग) उमेर पच्चीस वर्ष पुरा भई चालीस वर्ष ननाघेको,

घ) नैतिक पतन देखि फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

ङ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

५. छनौट प्रकृयाः खेल प्रशिक्षक छनौट गर्दा संक्षिप्त सूची र अन्तर्वार्ताको आधारमा गरिनेछ।

६. अंकभार सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| क) शैक्षिक योग्यता वापत अधिकतम- | १५ अंक |
| ख) पदक विजेता वापत अधिकतम- | २० अंक |
| ग) कार्य अनुभव वापत अधिकतम- | ३० अंक |
| घ) तालिम वापत अधिकतम- | १० अंक |
| ङ) अन्तर्वार्ता वापत अधिकतम- | २५ अंक |

७. शैक्षिक योग्यता वापत अंक प्रदान गर्ने आधारः शैक्षिक योग्यता वापत अंक प्रदान गर्दा तोकिएको पदको न्यूनतम शैक्षिक योग्यतामा उम्मेदवारले प्राप्त गरेको प्राप्तांकका आधारमा देहाय बमोजिम अंक प्रदान गरिनेछ।

क) अंक अंकित श्रेणी निर्धारण भएकाको हकमाः

| | |
|---|---|
| १) प्रथम श्रेणी- | १५ |
| २) द्वितीय श्रेणी- | १२ |
| ३) तृतीय श्रेणी- | १० |

ख) अक्षर अंकित पद्धतिको हकमाः

| | |
|---|---|
| १) २.८ देखि ४.० जिपिए भएको- | १५ अंक |
| २) २.० देखि २.८ जिपिए भन्दा कम भएको- | १२ अंक |
| ३) २.० जिपिए भन्दा मुनी जिपिए भएको- | १० अंक |

८. पदक, कार्य अनुभव र तालिम वापतको अंकः

(१) पदक विजेता भएमा देहाय बमोजिम अंक प्रदान गरिनेछः-

क) राष्ट्रिय खेलमाः

| | |
|---|---|
| १) स्वर्ण पदक विजेता- | १० अंक |
| २) रजत पदक विजेता- | ५ अंक |

३) कास्य पदक विजेता- ३ अंक

४) सहभागिता- २ अंक

ख) अन्तर्राष्ट्रिय खेलमाः

१) स्वर्ण पदक विजेता- २० अंक

२) रजत पदक विजेता- १० अंक

३) कास्य पदक विजेता- ५ अंक

४) सहभागिता- ३ अंक

ग) उल्लेखित आधार क) र ख) मध्येबाट अङ्क प्रदान गर्दा कुनै उम्मेदावारले दुवै आधारमा अङ्क प्राप्त गर्न सक्ने देखिएमा कुनै एउटा आधारमा मात्र निजले प्राप्त गर्न सक्ने अधिकतम अङ्क प्रदान गरिनेछ।

(२) कार्य अनुभवका आधारमा देहाय बमोजिम अंक प्रदान गरिनेछः-

क) प्रति वर्ष कम्तिमा स्थानीय तह (पालिका) स्तरको प्रशिक्षक वा सहायक प्रशिक्षकको रुपमा प्रशिक्षण गरेको कार्य अनुभव भए प्रति वर्ष १० अंकका दरले बढीमा ३० अंक (चानचुन महिनाका लागि समेत अङ्क प्रदान गरिने)

(३) राष्ट्रपति रनिङ शिल्डमा खेलाइने खेल (ऐच्छिक खेल बाहेक) को प्रशिक्षक प्रशिक्षण तालिम लिएको भएमा देहाय बमोजिमको अंक प्रदान गरिनेछः

क) एक महिना वा सो भन्दा बढी अवधिको तालिम लिएको- १० अंक

ख) १५ दिन वा सो भन्दा बढी अवधिको तालिम लिएको भए- ५ अंक

९. संक्षिप्त सूची प्रकाशनः (१) दफा ७ र ८ बमोजिम शैक्षक योग्यता, कार्य अनुभव, पदक बिजेता र तालिमको आधारमा प्रदान गरिएको कूल अंकको न्यूनतम चालीस प्रतिशत अंक ल्याउने उम्मेदवारको नाम संक्षिप्त सूचीमा समावेश गरी प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम संक्षिप्त सूचीमा परेका उम्मेदवारलाई अन्तरवार्तामा सहभागी गराईनेछ।

१०. अन्तर्वार्ता सम्बन्धी व्यवस्थाः (१) अन्तर्वार्ताको विषयक्षेत्र र अंकभार सम्बन्धी व्यवस्था अनुसूची-१ बमोजिम हुनेछ।

(२) अन्तरवार्ता कूल अंकको सत्तरी प्रतिशत भन्दा बढी र चालिस प्रतिशत भन्दा कम अंक दिन पाईने छैन। सो भन्दा बढी वा घटी अंक दिनु परेमा सोको स्पष्ट कारण खोल्नुपर्नेछ।

(३) अन्तर्वार्ता समितिका संयोजक वा सदस्यका कुनै उम्मेदवारसँग प्रचलित कानून अनुसार नजिकको नाता पर्ने भएमा त्यस्ता संयोजक वा सदस्यले उक्त अन्तर्वार्तामा सहभागी हुन पाइने छैन। नाता नपर्ने स्वयम् घोषणा गर्नुपर्नेछ।

११. छनौट समितिको गठनः (१) शैक्षिक योग्यता, कार्यानुभव, पदक र तालिमको अंक प्रदान गरी संक्षिप्त सूची प्रकाशन गर्न र अन्तर्वार्ताका लागि देहाय बमोजिमको एक छनौट समिति रहेनेछः

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख)	खेलकुद हेर्ने शाखाको प्रमुख-	सदस्य

ग)	संयोजकले तोकेको खेलकुद क्षेत्रको विज्ञ व्यक्ति दुई जना-	सदस्य

घ)	प्रशासन शाखा प्रमुख-	सदस्य सचिव

(२) उपदफा (१) को खण्ड ग) बमोजिम विज्ञ तोक्दा खेलकुद प्रशिक्षणसम्बन्धी अनुभव भएको वा खेलकुदका क्षेत्रमा कार्य गरेको अवकासप्राप्त वा बहालवाला कर्मचारी वा सरकारी रोष्टरमा सूचीकृत कुनै खेल प्रशिक्षकलाई आमन्त्रण गर्नुपर्नेछ।

१२. सूचना प्रकाशन र छनौट प्रक्रिया सम्बन्धी व्यवस्थाः (१) खेल प्रशिक्षक सेवा करारमा लिनका लागि कार्यालयले पदसंख्या र तह तथा अन्य विवरणहरू खुलाई कम्तिमा पन्ध्र दिनको सूचना प्रकाशन गरी इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गर्नेछ।

२) दफा ११ बमोजिमको छनौट समिति छनौट समितिले यस मापदण्डमा निर्धारित अङ्कका आधारमा संक्षिप्त सूची तयार पारी उपयुक्त उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गर्नेछ।

३) समितिले संक्षिप्त सूचीको अङ्क र अन्तर्वार्तावाफत प्राप्त गरेको अङ्कको जोड गरी अन्तिम योग्यताक्रम कायम गरी कार्यालयलाई सिफारिस गर्नुपर्नेछ।

४) उम्मेदवार सिफारिस गर्दा कम्तिमा दुई जना अथवा उपलब्ध भए सम्म रिक्त पद संख्याको तीस प्रतिशत सम्म वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गर्नु पर्नेछ। कुनै कारणले पद रिक्त हुन आएमा वैकल्पिक सूचीका उम्मेदवारलाई प्राथमिकता दिई करार नियुक्त गर्न सकिनेछ।

१३. करार सेवाको अवधि र म्याद थपः (१) आवश्यकता र औचित्यका आधारमा सेवा करारमा लिइएका खेल प्रशिक्षकको प्रत्येक छ/छ महिनामा म्याद थप गर्न सकिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि खेल प्रशिक्षकको सेवा सन्तोषजनक नभएको र पदीय दायित्व वहन गर्न नसकेको अवस्थामा करार सम्झौता गर्ने अख्तियारवालाले जुनसुकै बखत करार सम्झौता भंग गर्न सक्नेछ।

१४. खेल प्रशिक्षकले पाउने सेवा सुविधाः करार सेवामा कार्यरत खेल प्रशिक्षकले स्थानीय तहको पाँचौ तह र सहायक खेल प्रशिक्षकले चौथो तहको तलब स्केल बरावरको पारिश्रमिक र सुविधा पाउनेछन्।

१५. खेल प्रशिक्षकको कामकाजः खेल प्रशिक्षकले अमरगढी नगरपालिका र अन्तर्गतका विद्यालयहरुमा केन्द्रित रही कार्य गर्नु पर्नेछ। साथै खेल प्रशिक्षणसम्बन्धी नगरपालिकामा सञ्चालन हुने गतिविधिहरूमा कार्यालयले खटाएबमोजिम कार्य गर्नु निजको कर्तव्य हुनेछ।

१६. बाधा अड्काउ फुकाउः यस मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा यस मापदण्डको मर्म विपरित नहुने गरी कार्यालयले बाधा अड्काउ फुकाउनेछ।

१७. प्रचलित कानून बमोजिम हुनेः यस मापदण्डमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची १

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

<u>अन्तर्वार्ताको क्षेत्र र अंकभार</u>

उम्मेदवारको नामः

पदः विज्ञापन नं.:

| **क्र.सं.** | **विषयवस्तुको क्षेत्र** | **अङ्कभार** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सम्बन्धित विषयवस्तुको ज्ञान तथा सीप | ९ | | |
| २ | उम्मेदवारको व्यक्तित्त्व तथा परिपक्वता | ६ | | |
| ३ | नेतृत्त्व सीप तथा जिम्मेवारी बहन गर्ने क्षमता | ५ | | |
| ४ | समस्या समाधान, परामर्श तथा समन्वय सीप तथा क्षमता | ५ | | |